# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १०    अंक ७    मासिक    असार/साउन    July 2007


- *विज्ञापनको सोचमा परिवर्तन कहिले ?* — शान्तिबन्दना पौडेल
  सञ्चारमाध्यम नै पुरानो सोचका पक्षपाती
- *आत्मनिर्भरताको बाटोमा अपाङ्ग* — मीना शर्मा
  नीति र सहयोगको खाँचो
- *वकालतमा महिलाको न्यून उपस्थिति* — तारा वाग्ले
  संसद्को घोषाणाकै उपहास
- *बजेटमै उपेक्षित महिला स्वास्थ्य* — शान्ता बस्नेत
  विभेदकारी सरकारी योजनाको नमुना
- *दलितभित्रै भेदभाव* — शारदा गैरे
  गरिब र अशिक्षित मात्रै विभेदको सिकार
- *बाध्यताले बनायो आत्मनिर्भर* — सुमित्रा राई 'अञ्जान'
  एकल महिला आफ्नै व्यवसायमा
- *बदलिँदो जलारीको जीवन* — स्मिता अधिकारी
  माछा बेचेर छोराछोरी पढाउँदै




सञ्चारिका समूह/नेपाल

# विज्ञापनको सोचमा परिवर्तन कहिले ?

*आफूले पकाएको खाना श्रीमान् र छोराछोरीले 'क्या मीठो' भन्दा उनी आफ्नो सीपप्रति मख्ख पर्छिन् । साबुन या लुगा धुने सोडाको विज्ञापनमा लोग्नेको लुगा धोएर चम्किलो भएपछि खुसीले रमाएको महिलालाई देखाइन्छ । उनी खुसी भएको देख्दा लाग्छ- श्रीमान्को लुगा चम्काउनु नै श्रीमतीको एक मात्र खुसीको विषय हो ।*

✍ **शान्तिबन्दना पौडेल**

**म्याग्दी /**
*'ए रमिता यता आऊ त',*
*'किन र म यहाँ भान्सामा छु'*
*'हेरन आज पनि बच्चाले ओच्छ्यानमा पिसाब फेरेछ'*
*'धत्तेरी हैरानै पा-यो नि .........।'*

पटक-पटक धौलागिरि एफएममा गुञ्जने विज्ञापनको सानो अंश हो यो। विज्ञापनको उद्देश्य व्यापारिक प्रचार-प्रसार हो। विज्ञापनमा आफ्नो उत्पादन, व्यापार, व्यवसायतिर ग्राहकलाई आकर्षित गर्ने धेरै तरिका हुन्छन् । तर, प्रचार-प्रसार गर्दा महिलालाई कस्तो भूमिकामा देखाइएको छ भन्नेतर्फ धेरैको ध्यान गएको देखिन्न । लोग्ने-स्वास्नीबीचको माथिको संवादले के देखाउँछ भने दिसापिसाब स्याहार्ने जिम्मा आमाकै हो । बच्चाको नजिकै बसिरहेको लोग्नेको यसमा कुनै भूमिका छैन । फुर्सदिलो भए पनि लोग्नेले बच्चाको स्याहार गर्नुपर्दैन । व्यस्त श्रीमती नै हतारिँदै बच्चा स्याहर्न आइपुग्नुपर्छ ।

*'यो बूढाले पनि यताउति केही हेर्ने होइन, घर खुइलिएर बेहाल छ ।'*

*'आउन पाएको छैन कचकच सुरु भइहाल्यो, रङ्ग किनेर लगाउने नै त भनेको छु नि ।'*

एफएममै बज्ने विज्ञापनको यो अर्को अंशमा महिलालाई खालि लोग्नेको अगाडि समस्या उभ्याउने कर्कशा स्वास्नीको रूपमा देखाइएको छ। घर खुइलिएकोमा लोग्नेलाई भन्दा स्वास्नीलाई बढी चिन्ता छ। तर, घर रङ्गाउने वा नरङ्गाउने भन्ने निर्णय लोग्नेको हातमा छ। श्रीमती त खालि लोग्नेसित यो भएन, त्यो भएन भन्न मात्र सक्छिन्। रङ्ग किनेर आफैंले लगाउने आर्थिक हैसियत उनमा छैन। उता श्रीमान् जागिर खान्छन्। बजार गएर किनमेल गर्छन्। तर, श्रीमती घरभित्रै हराउँछिन्।

धौलागिरि एफएमको मात्र कुरा होइन। देशभरिका एफएम र रेडियोमा प्रसारण हुने विज्ञापनमा प्रायः महिलाको भूमिका यस्तै हुन्छ। अधिकांशमा महिलालाई झगडालु स्वभावको भूमिकामा देखाइन्छ। चर्को र कर्कशलाग्दो आवाजमा फतफताइरहेको, घरभित्रकै काममा सीमित भएको देखाइन्छ। 'विज्ञापनमा महिलालाई दोस्रो दर्जाको नागरिक बनाइन्छ,' म्याग्दी

*टेलिभिजनमा आउने प्रायः विज्ञापनमा महिलालाई उत्तेजक पहिरनमा प्रस्तुत गरिन्छ । जब कि पुरुषलाई साहसी र बहादुरी भूमिकामा देखाइन्छ । 'महिलालाई सबैभन्दा बढी शृङ्गार सामग्रीको विज्ञापनमा देखाइन्छ,' म्याग्दी बहुमुखी क्याम्पसकी अर्की छात्रा लक्ष्मी पौडेल भन्छिन्, 'के शृङ्गारका सामग्री महिलाले मात्रै प्रयोग गर्छन् र ?' 'पुरुषले पनि नुहाउने साबुन र स्याम्पु प्रयोग गर्छन् । तर, महिलालाई नङ्ग्याएर त्यस्तो सामग्रीको प्रचार किन गरिन्छ ?'*

बहुमुखी क्याम्पसमा बीए अध्ययन गर्दै गरेकी छात्रा निर्मला शर्मा भन्छिन्, 'महिलालाई शोषण गर्न यस्ता विज्ञापनको ठूलो हात छ ।'

'किन एफएम रेडियो मात्रै ?' मिलन म्याग्दीकी अध्यक्ष दुर्गा कार्की भन्छिन्, 'टेलिभिजनका विज्ञापनमा त महिलाको स्थिति झनै मन नै कुँडिनेखालको छ ।' उनको बुझाइमा यस्ता विज्ञापनले दिएको सन्देश हुन्छ, 'महिला मानव नभएर अर्कै कुनै भोग्य वस्तु हो ।'

हुन पनि अवस्था त्यस्तै छ। टेलिभिजनमा आउने प्रायः विज्ञापनमा महिलालाई उत्तेजक पहिरनमा प्रस्तुत गरिन्छ। जब कि पुरुषलाई साहसी र बहादुरी भूमिकामा देखाइन्छ। 'महिलालाई सबैभन्दा बढी शृङ्गार सामग्रीको विज्ञापनमा देखाइन्छ,' म्याग्दी बहुमुखी क्याम्पसकी अर्की छात्रा लक्ष्मी पौडेल भन्छिन्, 'के शृङ्गारका सामग्री महिलाले मात्रै प्रयोग गर्छन् र ?'

*आजको युगमा मिडिया यति शक्तिशाली भइसकेको छ कि प्रसारित हरेक कुराले आमजनमानसमा सजिलै छाप पार्छ । त्यसैले महिलाको भूमिकामा परिवर्तन ल्याउन मिडियामा परिवर्तन ल्याउनुपर्छ । 'मिडियामा प्रसारण हुने विज्ञापन परिवर्तन नभए महिला माथि उठ्न सक्दैनन्,' शिक्षिका शान्ति ज्ञवाली भन्छिन्, 'लैङ्गिक समानताका कुरालाई ध्यान दिएर विज्ञापन उत्पादन गरिनुपर्दछ ।'*

'पुरुषले पनि नुहाउने साबुन र स्याम्फु प्रयोग गर्छन् । तर, महिलालाई नङ्ग्याएर त्यस्तो सामग्रीको प्रचार किन गरिन्छ ?'

यसमा दोष पुरुष सोचको मात्रै छैन । पैसा र टेलिभिजनको पर्दामा देखिने लालशाले महिला पनि उत्तिकै दोषी छन् । विज्ञापन खेलेर टेलिभिजनको पर्दामा अनुहार देखाउने होडमा दौडिरहेका महिला पनि महिला शोषणको कारक बनिरहेका छन् । म्याग्दीकी समाजसेवी दुर्गा कार्की भन्छिन्, 'टेलिभिजनको पर्दामा देखिन पाउनु उनीहरू आफ्नो सौभाग्य ठान्छन् । तर, आफूलाई शोषण गरेर मिडियाले प्रयोग गरेको चाल पाउँदैनन् ।'

सिमेन्ट, इँटा, रड, पाइपजस्ता निर्माण सामग्रीको विज्ञापनमा धेरैजसो पुरुष अनुहार देखिन्छन् । त्यो पनि इन्जिनियर, मेकानिकजस्ता साहसिक पेशेवारको रूपमा । हुन त शृङ्गार सामग्रीको विज्ञापनमा पुरुषलाई पनि नदेखाइएको भने होइन । तर त्यहाँ उनीहरूलाई वस्तुको रूपमा प्रयोग गरिएको हुँदैन । कतिपय साबुन, फेयर एण्ड लभ्लीजस्ता सामग्रीको विज्ञापनमा महिलाको सौन्दर्यको प्रशंसा गरेको देखाइन्छ । यसबाट त यही अर्थ लाग्छ कि महिला केवल फूल हुन् । रूप र सुन्दरताबाट अरूलाई मोहित पार्नुबाहेक उनीहरूको अर्को काम छैन ।

कुनै निर्माण सामग्रीको प्रचारमा पनि महिलाको भूमिका हुने गर्छ । जस्तो- पञ्चकन्या सिमेन्टको विज्ञापनमा पाँचवटी कन्याको भूमिका छ । तर, उही शृङ्गारपटारमा । उही झुकेको विनम्र रूपमा । त्यहाँ महिलालाई न इन्जिनियरको रूपमा देखाइएको छ न ठेकेदार या अन्य यस्तै साहसी काममा ।

विज्ञापनमा महिलालाई वस्तुको रूपमा प्रयोग गरिनुमा समाजको नेतृत्व लिने पुरुष नै जिम्मेवार रहेको ठम्याइ छ म्याग्दीका पत्रकार तारानाथ शर्माको । भन्छन्, 'महिलाको भूमिका कमजोर पार्न अप्रत्यक्ष भूमिका पुरुषकै हातमा बढी हुन्छ ।'

फ्रान्सकी प्रसिद्ध लेखिका सिमोन द बोउचरले आफ्नो कृति 'द सेकेन्ड सेक्स' पुस्तकमा उल्लेख गरेकी छिन्, 'स्त्री पैदा हुन्न, बरु उसलाई बनाइन्छ ।' उनको पुस्तकको निचोड छ, 'महिलालाई कमजोर पार्नुमा पूरा हात समाजकै छ । मिडिया समाजको ऐना हो । तर, मिडियामै महिलाको भूमिका यस्तो छ भने अन्य क्षेत्रबाट के आशा गर्न सक्छौं ?'

'महिलालाई 'सेक्स सब्जेक्ट' (यौन वस्तु), 'हाउस वाइफ' (गृहिणी) वा यस्तै पुरुषको सेविकाको रूपमा देखाएर महिलालाई कमजोर बनाइएको छ,' पत्रकार महासङ्घ म्याग्दीका सचिव तारानाथ शर्मा भन्छन्, 'सञ्चारजस्तो शक्तिशाली माध्यमले महिलालाई दोस्रो दर्जामा देखाउनु गलत सामाजिकीकरणको डरलाग्दो रूप हो, जसले महिलामा दीर्घकालीन असर पुऱ्याउँछ ।'

कुनै तेलको विज्ञापनमा एउटी महिलालाई खाना बनाउँदै गरेको देखाइन्छ । यसबाट खाना बनाउने काम महिलाकै हो भन्ने सन्देश दिन्छ । आफूले पकाएको खाना श्रीमान् र छोराछोरीले 'क्या मीठो' भनिदिएकोमा उनी आफ्नो सीपप्रति मख्ख पर्छिन् । साबुन या लुगा धुने सोडाको विज्ञापनमा लोग्नेको लुगा धोएर चम्किलो भएपछि खुसीले रमाएकी महिलालाई देखाइन्छ । उनी खुसी भएको देख्दा लाग्छ- श्रीमान्को लुगा चम्काउनु नै श्रीमतीको एकमात्र खुसीको विषय हो । आफ्नो ट्वाइलेट वा बाथरुम सफाचट देखेर एउटी महिला ट्वाइलेट क्लिनर र ब्रस समातेर मुस्कुराउँछिन् । आफूले पकाएको चिया श्रीमान्ले मन पराइदिएकोमा श्रीमतीले त्यो चिया कम्पनीलाई धन्यवाद दिन्छिन् । यस्ता अनेक विज्ञापन छन् जो बारम्बार प्रसारण भइरहन्छन् । 'यस्तो सन्देशले कस्तो प्रभाव देला ?,' धवलध्वनि साप्ताहिककी प्रधान सम्पादक रेखाकौशल रेग्मी भन्छिन्, 'महिलालाई चार भित्ताभित्रै कैद हुन नराम्रो पाठ सिकाउँछ, अरू केही दिँदैन ।'

रूप र महिला आपसमा पर्यायवाची हुन् भन्ने सन्देश दिन्छन् यी विज्ञापनले । जसको सन्देश यो पनि जान्छ कि कुरूप महिलाको समाजमा कुनै मूल्य रहँदैन । अनुहारको दागको कारणले एउटा महिलाको विवाह हुँदैन । राम्रो खालको फेयर लभ्ली दल्न सुरु गरेपछि उसलाई धेरै केटाले विवाहको प्रस्ताव राख्दछन् । त्यस्ता कुनै पनि विज्ञापन मिडियामा देख्न र सुन्न पाइँदैन जसमा केटीको बौद्धिकता देखेर कुनै जवान केटा प्रभावित होस् । एउटी मूर्ख तर अति सुन्दरी केटीले सजिलै विद्वान् केटालाई आकर्षित गरेको देखाइन्छ । यसले महिलालाई पूरै समय शृङ्गारमा व्यस्त बनाउँछ भन्ने सन्देश मात्रै दिन्छ ।

आजको युगमा मिडिया यति शक्तिशाली भइसकेको छ कि प्रसारित हरेक कुराले आमजनमानसमा

सजिलै छाप पार्छ । त्यसैले महिलाको भूमिकामा परिवर्तन ल्याउन मिडियामा परिवर्तन ल्याउनुपर्छ । 'मिडियामा प्रसारण हुने विज्ञापन परिवर्तन नभए महिला माथि उठ्न सक्दैनन्,' शिक्षिका शान्ति ज्ञवाली भन्छिन्, 'लैङ्गिक समानताका कुरालाई ध्यान दिएर विज्ञापन उत्पादन गरिनुपर्दछ ।'

हुन त विज्ञापनको एक मात्र उद्देश्य कुनै वस्तु तथा सेवाका प्रचार गर्नु हो । तर, यसमा अलिकति बुद्धि पुऱ्याउने हो भने समानतामूलक समाज बनाउनमा समेत विज्ञापन सहयोगी बन्न सक्ने विचार उनी व्यक्त गर्छिन् । भन्छिन्, 'अब यस्ता विज्ञापन उत्पादन हुनुपर्छ, जसले एकातिर प्रचारप्रसार पनि गरून् अर्कोतिर महिला-पुरुष समान हुन् भन्ने सन्देश पनि देऊन् ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# आत्मनिर्भरताको बाटोमा अपाङ्ग

***अवसरको कमी, सामाजिक विभेद र शारीरिक अशक्तताले अपाङ्ग गाह्रो काम गर्न सक्दैनन्/तयार हुँदैनन् । तर, सीप-अवसर भयो, केही गर्ने जाँगर चलायो भने अर्काको सहारामा बाँच्नुपर्ने बाध्यता टर्दोरहेछ । शारीरिक रूपमा कमजोर र अशक्त हुँदाहुँदै बाँके-बर्दियाका अपाङ्ग साहस बटुलेर आत्मनिर्भरको बाटोमा लागेका छन् । तर, राज्यको ध्यान नपुग्दा उनीहरूको ठूलो सङ्ख्या अझै विजोगमै छ ।***

✍ **मीना शर्मा**

***बाँके***/ मान्छे शारीरिक रूपमा कमजोर भयो भने आफैंलाई कमजोर ठान्छ, हीनताबोध हुन्छ र गर्न चाहेको काम पनि गर्न सक्दैन । तर, चाह्यो भने अपाङ्गले पनि सबलाङ्गसरह केही गर्न सक्छ भन्ने उदाहरण बनेका छन् लालसिंह विक । बर्दियाको सोरहवा गाविसस्थित खैरेनीका लालसिंहको प्रगति र सक्रियता हेर्दा अहिले कसैले उनलाई अपाङ्ग भन्न सक्दैन । अहिले बाँकेको राँझामा बसोबास गर्ने लालसिंह अपाङ्गमात्रै होइन, सबलाङ्गका लागि पनि साँच्चैको उदाहरण बनेका छन् ।

'बर्गर्स' भन्ने रोग लागेपछि उनका दुवै खुट्टा चल्न छाडे । कहाँसम्म भने रोग बल्झिँदै जाँदा ज्यान जोगाउन दुवै खुट्टा घुँडाभन्दा तल काटेर फाल्नुपऱ्यो । त्यसभन्दा पहिले भारतमा काम गर्न जाँदा उनको एउटा आँखा गुमिसकेको थियो । यो हालत भएपछि जीवनसङ्गिनी र छोराले समेत उनलाई छोडे । खुट्टाको उपचारमा सात महिना अस्पताल बसेका लालसिंहलाई त्यसपछि दुई छाक जुटाउन पनि गाह्रो भयो । कहाँसम्म भने पेट भर्न कैयौं दिन भीख मागेर पनि हिँड्नुपऱ्यो । 'तर कहिले त भीख मागेर पनि पाइँदैनथ्यो, भोकभोकै सुत्नुपर्थ्यो,' उनी सम्झन्छन् ।

तर, अहिले सबै समस्या टरेको छ । दैनिक तीन सयभन्दा बढी आम्दानी गर्छन् उनी । कसरी भयो त यो सब ? लालसिंह भन्छन्, 'आँट गरे हुँदोरहेछ ।' एउटा गैरसरकारी संस्थाले उनलाई बेतबाँसका सामान बनाउने निःशुल्क तालिम दियो । त्यसपछि उनी दिनभर बेतबाँसका सामान बनाउने काम गर्ने र साँझ-बिहान ड्राइसाइकल चढेर सीमावर्ती बजार रूपैडियाबाट

*हातगोडा सद्दे हुने चोकमा बसेर गफ लडाउँदै समय खेर फालिरहेका हुन्छन् । एकछिन समय खेर नफाल्ने दिक्पाल र लालसिंह अपाङ्ग भएर पनि केही गरेर देखाउने गतिलो उदाहरण बनेका छन् । लालसिंह भन्छन्, 'गफमा मात्रै भुल्ने मान्छे देख्दा हामीले राम्रै गर्‍यौंजस्तो लाग्छ ।'*

विभिन्न सामान ओसारपसार गर्न थाले । नभन्दै त्यसबाट राम्रो आम्दानी हुन थाल्यो । त्यही क्रममा उनको आफूजस्तै शारीरिक रूपमा अपाङ्ग मनकुमारीसँग भेट भयो, माया बस्यो र बिहे पनि भयो । दुवैजना अहिले घरजम गरी बसेका छन्, काम दुवैले एउटै गर्छन् र खर्च कटाएर बैंकमा पैसा पनि जम्मा गरेका छन् । 'अब एउटा घर बनाउने विचार छ,' लालसिंहले आफ्नो योजना सुनाए ।

अपाङ्ग भए पनि लालसिंह र मनकुमारीभन्दा फरक छ कलसा र दिक्पालको कथा । पोलियो लागेर दुवैका खुट्टा चल्दैनन् । ५ कक्षा उत्तीर्ण गरेकी कलसा विक १५ वर्षमा पोलियोग्रस्त भएपछि हिँड्न नसक्ने भइन् । उस्तै हो, दिक्पाल चौधरीको पीडा पनि । 'फुर्सद भयो भने खाना दिन्थे नत्र भोकभोकै बस्नुपर्थ्यो,' दिक्पाल सुनाउँछन्, 'अहिले कसैका अगाडि हात पसार्नुपर्दैन,

*काम भनेपछि जीउज्यान दिएर लागिपर्ने अपाङ्गले सबलाङ्गसरह ज्याला पाउँदैनन् । काम उस्तै गरे पनि उनीहरूमाथि ज्यालामा भेदभाव छ । विद्युत् जडान र रेडियो-टीभी मर्मतको काम गर्ने बर्दियाको सोरहवा-७ सिमराका नेगबहादुर सुनार भन्छन्, 'काम उही हो तर ज्याला अरूभन्दा कमै पाइन्छ ।'*

आफ्नो खर्च आफैं टार्न सक्छु ।' शारीरिक रूपमा अपाङ्ग भए पनि त्यही सिलसिलामा यी दुईको भेट भएको थियो र त्यही भेट पछि माया हुँदै वैवाहिक जीवनमा बदलियो। दिक्पाल बेतबाँसका सामान बनाउँछन् र त्यस्ता सामान बनाउने प्रशिक्षण पनि दिन्छन्। साँझ-बिहान ड्राइसाइकल गुडाउँदै रूपैडियाबाट सामान ओसारी रु.२००-३०० आम्दानी गर्छन्, कलसाले उनलाई यो काममा सघाउँछिन्। दिक्पाल भन्छन्, 'मेरै कमाइले घर बनाएर दुईजनाको परिवार पालेको छु, अहिले त केही पैसा बैंकमा पनि राखिसकें ।'

हातगोडा सद्दे हुनेहरू बरु चोकचोकमा बसेर गफ लडाउँदै समय खेर फालिरहेका हुन्छन्। तर, एकछिन समय खेर नफाल्ने दिक्पाल र लालसिंह अपाङ्ग भएर पनि केही गरेर देखाउने गतिलो उदाहरण बनेका छन्। त्यसैले लालसिंह सन्तोष व्यक्त गर्छन्, 'चोकमा गफमा भुलेका सद्दे मान्छे देख्दा हामीले यति त गरेका छौं भन्ने आत्मसन्तोष मिल्छ ।'

यी दुई जोडीभन्दा पनि दुःखले बितेका थिए फागुराम चौधरीका दिन। पोलियो लागेरै उनका खुट्टा नचल्ने भएपछि 'अपाङ्ग' भएर बाँच्नुपरेको हो। त्यति मात्रै होइन, उनको त आँखाको हालत पनि उस्तै। शल्यक्रिया गरेकाले उनी आँखा पनि राम्रोसँग देख्दैनन्। यो अवस्थामा पनि परिवार पाल्ने जिम्मेवारी उनैको काँधमा थियो। 'मैले गर्न सक्ने केही काम पाइयो भने दिनमा मुस्किलले ४०-५० रुपैयाँ कमाउँथें,' भन्छन्, 'नत्र त भोकभोकै बस्नुपर्थ्यो ।' शल्यक्रिया गरेकाले उनकी पत्नी पनि आँखा राम्रोसँग देख्दिनन्। तर, अहिले फागुरामको दिनचर्या फेरिएको छ, खानलाउनको समस्या छैन, दैनिक दुई सय पचासदेखि तीन सयसम्म आम्दानी गर्छन्। चारजनाको परिवारको गुजारा पनि मज्जाले चलेको छ, छोरालाई विद्यालय पठाएका छन्। कसरी भयो त यो सब ? आफूसँगको ड्राइसाइकल देखाउँदै फागुराम भन्छन्, 'हामी अपाङ्गको सबथोक यही हो, यसैले पालेको छ ।' उनलाई एउटा गैरसरकारी संस्थाले बेतबाँसका सामान बनाउने तालिम दिएर ड्राइसाइकल पनि दिएको थियो। त्यसैमा चढेर उनी पनि सीमावर्ती बजारबाट सामान ल्याई बेचेर गुजारा गर्छन्।

बाँकेको मनिकापुरमा १२ परिवार अपाङ्ग बस्छन्, सबै आफैं काम गरी पालिएका छन्। तर, काम भनेपछि जीउज्यान दिएर लागिपर्ने अपाङ्गले सबलाङ्गसरह ज्याला पाउँदैनन्। काम उस्तै गरे पनि उनीहरूमाथि ज्यालामा भेदभाव छ। विद्युत् जडान र रेडियो-टीभी मर्मतको काम गर्ने बर्दियाको सोरहवा-७ सिमराका नेगबहादुर सुनार भन्छन्, 'काम उही हो तर ज्याला अरूभन्दा कमै पाइन्छ ।' अर्का अपाङ्ग गोपाल सुनार दुःखेसो सुनाउँछन्, 'अपाङ्ग भनेर समाजले पनि हेप्छ, काम गरेको ज्यालामा पनि भेदभाव हुँदा मन कुँडिएर आउँछ ।'

तर, समाजको तिरस्कार र भेदभावपूर्ण व्यवहारलाई चुनौती दिँदै अपाङ्ग केही गरिछाड्ने अठोटका साथ काममा लागिपरेका छन्। तिनैमध्येकी एक हुन् नेपालगन्ज धम्बोझीकी ज्ञानी पासी। शरीरभरि आएको सेतो दुबी र हातगोडा पनि नचल्ने समस्याले ग्रस्त ज्ञानीले समाजको तिरस्कार धेरै सहिन्। आठ वर्ष पहिले लोग्नेको मृत्यु भएपछि त उनलाई गुजारा गर्न अरूको जुठाभाँडा र कपडा धुनुपर्ने बाध्यता पनि थपियो। तर, अहिले उनी आफ्नै व्यवसाय गरी बसेकी छिन्। गत वर्ष गैरसरकारी संस्था आईएनएफले चार हजार आर्थिक सहयोग गरेपछि त्यसैबाट खोलेको घुम्ती पसलले अहिले उनको गुजारा चलेको छ। काम सुरु गरेपछि छोरालाई स्कुल पढाएकी छिन् र दैनिक २० रुपैयाँका दरले बचत पनि गर्छिन्। भन्छिन्, 'गरेपछि हुनेरहेछ, अपाङ्ग छु भनेर चुप लागेकी भए अहिले दुई छाकका लागि अर्काका अगाडि हात पसार्नुपर्थ्यो होला ।' अब उनले माटोले बनेको घरको ठाउँमा टिन र इँटको घर बनाउने योजना पनि बनाएकी छिन्।

बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रका अध्यक्ष नीलकण्ठ बराल बर्दियामा मात्र करिब आठ हजार अपाङ्ग रहेको तर तीमध्ये एक हजार पाँच सयजतिलाई मात्र अहिलेसम्म समेट्न सकिएको बताउँदै भन्छन्, 'करोडौं रकम खर्च गर्ने सरकारी तथा गैरसरकारी संस्थाले अपाङ्गका लागि केही गरेका छैनन्, उनीहरूको पनि ध्यान पुग्नुपर्छ ।'

तर, यी त केही उदाहरण मात्रै हुन्, देशभर अपाङ्गको वास्तविक सङ्ख्या कति छ भन्ने तथ्याङ्क पनि कसैसँग उपलब्ध छैन। अनि राज्य र गैरसरकारी संस्थाबाट प्राप्त अवसर लिन पाउने त झनै नगन्य छन्। सबै अपाङ्गलाई यसरी नै आत्मनिर्भर र सक्षम बनाउन राज्यले नै उचित नीति तर्जुमा गर्नु जरुरी छ,

गैरसरकारी संस्थाको ध्यान पनि यसमा पुग्नैपर्छ। अपाङ्गको परिचयपत्र भएका मान्छेलाई जुनसुकै सेवामुखी क्षेत्रमा ५० प्रतिशत छुटको व्यवस्था छ। तर, व्यवहारमा लागू नहुनु अपाङ्ग समस्याबारे कोही पनि गम्भीर छैन भन्ने गतिलो प्रमाण हो।

अपाङ्गका सवाल राष्ट्रिय मुद्दा बनिसके। राज्यको मूलप्रवाहमै अपाङ्गलाई समावेश गराउन थुप्रै आन्दोलन पनि भए। तर, उनीहरूका मागको सुनुवाइ भएको देखिँदैन। राज्यले पनि अपाङ्गका समस्या-पीडालाई गम्भीर भएर सोचेजस्तो पाइन्न। आईएनएफका कार्यक्रम संयोजक जीवन गिरी भन्छन्, 'राज्य, दल, बुद्धिजीवी र नागरिक समाज सबैले ध्यान दिनुपर्ने विषय हो यो।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# वकालतमा महिलाको न्यून उपस्थिति

*संसद्ले राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने निर्णय गरेको १४ महिना नाघिसकेको छ। राज्यको तेस्रो अङ्ग न्यायसेवाको विशिष्ट श्रेणी तथा प्रथम श्रेणीमा महिला एकदमै कम छन्। न्यायसेवाको अधिकृत स्तरमा २ सय ५ मध्ये महिलाको सङ्ख्या ५ मात्र छ। २ सय ३७ सरकारी वकिलमध्ये दुईजना मात्र महिला छन्। राजनीतिक लोकप्रियताका लागि सरकार र संसद् निर्णय गर्छन्, तर कार्यान्वयन भने हुँदैन।*

✍ **तारा वाग्ले**

*काठमाडौं/* राज्यका सबै तहमा महिलाको समान प्रतिनिधित्व गराइनुपर्ने माग उठिरहेको छ तर राज्यका संवेदनशील कुनै पनि अङ्गमा महिलाको उपस्थिति सन्तोषजनक छैन। अरू क्षेत्रजस्तै कानुनी क्षेत्रमा पनि महिलाको स्थिति निराशाजनक छ। कानुनी क्षेत्रमा महिलाको सङ्ख्या ज्यादै न्यून भएका कारण ३३ प्रतिशत महिला पुऱ्याउन मुस्किल पर्ने कुरालाई महिला कानुन व्यवसायी पनि स्वीकार गर्छन्। तथ्याङ्कअनुसार जम्मा पाँचजना महिला न्यायाधीश छन्। वरिष्ठ अधिवक्ता दुईजना, अधिवक्ता ९ सय ३१ र अभिकर्ता ५ जना छन्। पुरुषको तुलनामा यो सङ्ख्या अत्यन्त कम हो।

केही समयअघि भएको नेपाल बार एसोसिएसनको चुनावबाट कानुनी क्षेत्रमा महिलाको पहुँच बढ्ने आशा गरिएको थियो। चुनावमा विजयी महिलाले समितिले कानुनमा महिलाको पहुँच बढाउन पहल गर्ने बताएका थिए। 'कानुनमा महिलाको अवस्था निराशाजनक छ,' बार कार्यसमितिकी सदस्य नीता गौतम दीक्षितले भनिन्, 'अब यो क्षेत्रमा पनि महिला सहभागिता बढाउनुपर्छ भनेर चुनावमा उठेकी हुँ।' उनी मात्र होइन, चुनावमा विजयी भएका अरू दुई सदस्य शान्तिदेवी खनाल र कविता थापा तथा कोषाध्यक्ष सविता भण्डारी बराल पनि न्याय क्षेत्रमा महिलालाई अगाडि ल्याउन पहल गर्दै जाने धारणा राख्छन्।

नेपाल बारमा लड्ने महिलाको सङ्ख्या दयनीय रहेको अवस्थामा बारको कार्यसमितिमा महिला सदस्य

> *'घरायसी तथा पेसागत चुनौतीका अलावा कतिपय महिला त पुरुष कानुन व्यवसायीबाट समेत हेपिनुपरेको छ।' ढकालका अनुसार कतिपय अवस्थामा महिलालाई विश्वास नगर्ने हुँदा उनीहरूको बेञ्चमा घरेलु हिंसासम्बन्धी मुद्दा मात्र आउँछन्। कहिलेकाहीँ त मुद्दा नआएर खाली हात नै बस्नुपर्छ।*

सन्तोषजनक हुँदा महिला कानुन व्यवसायीलाई निकै हौसला मिलेको थियो। २०४० सालदेखि वकालत गर्दै आएकी नीता यस क्षेत्रमा महिलाले विभिन्न सङ्घर्ष तथा चुनौती सामना गर्नुपर्ने हुँदा उपस्थिति सन्तोषजनक हुन नसकेको बताउँछिन्।

भर्खर पढाइ सकेर वकालतको अभ्यास गरिरहेकी श्रुतिकुमारी रेग्मी सिक्दै गरेकालाई सिनियर व्यवसायी र परिवारले सहयोग नगर्ने बताउँछिन्। श्रुतिजस्ता थुप्रै नवोदित महिला कानुन व्यवसायीका अगाडि उजुरीवालाको विश्वास जित्न नसक्नु ठूलो चुनौतीको रूपमा रहेको छ। त्यस्तै स्थापित भइसकेका महिला कानुन व्यवसायी पनि राष्ट्रिय चासोका गम्भीर

मुद्दाहरू बहस पैरवी गर्ने अवसर प्राप्त गर्न नसकेको बताउँछन् ।

सर्वोच्च बारमा रहेर बाह्र वर्षदेखि यस क्षेत्रको अनुभव बटुलेकी सकुन्तला थापा कानुनी क्षेत्रमा समेत पुरुषवादी सोच तथा सङ्कुचित मानसिकताबाट महिलाको मूल्याङ्कन गरिने हुँदा उनीहरूले आफ्नो क्षमताअनुसार काम गर्ने अवसर पाउन नसकेको बताउँछिन् । 'यो क्षेत्रमा पनि शक्ति, पैसा र सोर्स नभई केही काम हुँदैन,' उनले भनिन्, 'जबसम्म सामाजिक धारणा परिवर्तन हुँदैन र क्षमताअनुसार अवसर पाइँदैन तबसम्म महिला आफ्नो खुबी देखाएर अगाडि आउन सक्दैनन् ।' सात वर्षदेखि वकालत गर्दै आएकी सङ्गीता ढकाल भन्छिन्, 'घरायसी तथा पेसागत चुनौतीका अलावा कतिपय महिला त पुरुष कानुन व्यवसायीबाट समेत हेपिनुपरेको छ ।' ढकालका अनुसार कतिपय अवस्थामा महिलालाई विश्वास नगर्ने हुँदा उनीहरूको बेन्चमा घरेलु हिंसासम्बन्धी मुद्दा मात्र आउँछन् । कहिलेकाहीँ त मुद्दा नआएर खाली हात नै बस्नुपर्छ ।

महिलाले घरायसी जिम्मेवारीका साथ व्यावसायिक जिम्मेवारी पनि सँगसँगै लानुपर्ने हुँदा जुनसुकै क्षेत्रमा पनि यस्ता चुनौती पार गर्नुपर्छ । व्यवसायमा पनि पितृसत्तात्मक सोच तथा महिलालाई हेर्ने सङ्कुचित मानसिकताका कारण कुनै पनि संवेदनशील क्षेत्रमा महिला स्थापित हुन सजिलो वातावरण बनेको छैन । कानुनी क्षेत्र पनि अझै संवेदनशील र चुनौतीपूर्ण क्षेत्र भएकाले उनीहरू स्थापित हुन नसकेको कानुन व्यवसायीको धारणा छ । कानुन पढ्ने महिलाको सङ्ख्या नै कम भएकाले पनि व्यवसायमा महिला सहभागिता न्यून भएको हो । अहिले नेपाल ल क्याम्पसमा कानुन पढ्ने महिलाको सङ्ख्या १७ प्रतिशत मात्र छ । अन्य विषयमा स्नातकले मात्र कानुन पढ्न पाउँछन् तर धेरै महिला स्नातक नसक्दै विवाहबन्धनमा बाँधिन्छन् जसले गर्दा कानुनमा महिला विद्यार्थी कम छन् । न्यायसेवाको विशिष्ट श्रेणी तथा प्रथम श्रेणीमा महिलाको स्थिति शून्य छ ।

*भर्खर पढाइ सकेर वकालतको अभ्यास गरिरहेकी श्रुतिकुमारी रेग्मी सिक्दै गरेकालाई सिनियर व्यवसायी र परिवारले सहयोग नगर्ने बताउँछिन् । श्रुतिजस्ता थुप्रै नवोदित महिला कानुन व्यवसायीका अगाडि उजुरीवालाको विश्वास जित्न नसक्नु ठूलो चुनौतीको रूपमा रहेको छ । त्यस्तै स्थापित भइसकेका महिला कानुन व्यवसायी पनि राष्ट्रिय चासोका गम्भीर मुद्दाहरू बहस पैरवी गर्ने अवसर प्राप्त गर्न नसकेको बताउँछन् ।*

लामो समयदेखि कानुनमा महिलाको समान सहभागितामा जोड दिँदै आएकी अधिवक्ता सपना मल्ल प्रधान भन्छिन्, 'महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएका कारण न्याय क्षेत्रमा उनीहरूको पहुँच कम भएको हो ।' महिला अधिकारका पक्षमा विभिन्न मुद्दा अदालतमा उठाउँदै आएकी अधिवक्ता मीरा ढुङ्गाना समाजले राम्रो दृष्टिले हेर्ने तथा पेसामा पनि परिवारले हस्तक्षेप नगर्ने हो भने महिलालाई यो क्षेत्रमा चुनौती कम हुने धारणा राख्छिन् ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बजेटमै उपेक्षित महिला स्वास्थ्य

*सन् २०१५ सम्ममा सबैका लागि स्वास्थ्य भन्ने सरकारको नारा तुहिएको छ। महिला स्वास्थ्यलाई ओझेलमा पार्दै ०६४/०६५ को बजेट आएको छ। स्वास्थ्य बजेट गत वर्षभन्दा २ अर्ब ८७ करोडले बढेको छ। यस वर्ष स्वास्थ्य बजेट १२ अर्ब १८ करोड त छ तर महिला स्वास्थ्यका लागि भने बजेट बढेन।*

✍ **शान्ता बस्नेत**

काठमाडौं/ यस वर्ष स्वास्थ्य क्षेत्रमा झन्डै पौने ३ अर्ब बजेट बढेको छ। समग्र बजेटमा शिक्षा, महिला र संविधानसभाले प्राथमिकता पाए पनि स्वास्थ्यमा छुट्याइएको बजेटमा महिला स्वास्थ्यलाई भने पूरै बेवास्ता गरिएको छ। परिवार नियोजन तथा मातृ शिशु कल्याण एवम् महिला स्वास्थ्य स्वयम्सेविका कार्यक्रमअन्तर्गत छुट्याइएको २७ करोड १० लाख २५ हजारबाहेकका नयाँ कार्यक्रम बजेटमा केही पनि छैन। यो विगत वर्षकै कार्यक्रमको निरन्तरता हो

परिवार स्वस्थ रहन पहिले त्यस परिवारमा रहेका महिलाको स्वास्थ्यस्थिति ठीक हुनुपर्छ। तर, अहिले देशका ग्रामीण महिलाको स्वास्थ्यस्थिति कहालीलाग्दो छ। उनीहरूले आफ्नो स्वास्थ्यलाई कहिल्यै प्राथमिकतामा राख्न भ्याएका छैनन्। पूर्व-पश्चिम वा हिमाल-तराई सबैतिरका महिलाका स्वास्थ्य-समस्या उत्तिकै र उस्तै छन्। २०५८ सालको जनगणनाअनुसार नेपालमा महिलाको सङ्ख्या १ करोड १५ लाख ८७ हजार ५सय २ छ। यो कुल सङ्ख्याको ५१ प्रतिशत हुन आउँछ। यसमध्ये ४२.८ प्रतिशत मात्र साक्षर छन्। यीमध्ये ८५ प्रतिशत महिला गाउँमा बस्छन् र उनीहरू स्वास्थ्य समस्याबाट बढी पीडित छन्।

तथ्याङ्कअनुसार नेपालमा १५ देखि ४९ वर्षका ५ जना महिलामध्ये १ जनाले मातृमृत्युको समस्या बेहोरिरहेका छन्। देशको मातृ मृत्युदर अपेक्षित योजनाअनुसार घट्न सकेको छैन। स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाका निर्देशक डाक्टर बालकृष्ण सुवेदी ग्रामीण महिलाको ठूलो समूह स्वास्थ्य सेवाबाट अझै वञ्चित रहेकाले महिला स्वास्थ्यमा अपेक्षित सुधार आउन नसकेको बताउँछन्। सरोकारवालाहरूको भाषामा स्वास्थ्यमा छुट्याइएको बजेट हेर्दा सरकार महिला स्वास्थ्यप्रति अझै गम्भीर हुन सकेको छैन भन्ने देखिन्छ। गरिबी र भोकमरीले स्वास्थ्य समस्या बढाउने भएकाले त्यस्तो समुदायका महिलामा यसले प्रभाव बढी पर्छ। डा. शरद वन्त भन्छन्, 'विद्यमान स्वास्थ्य प्रणालीले ग्रामीण महिलाको समस्यालाई सम्बोधन गर्न सकेको छैन।' डा. वन्तका शब्दमा यतिखेर नेपाली महिलाको स्वास्थ्यस्थिति सुधार

*परिवार स्वस्थ रहन पहिले त्यस परिवारमा रहेका महिलाको स्वास्थ्यस्थिति ठीक हुनुपर्छ। तर, अहिले देशका ग्रामीण महिलाको स्वास्थ्यस्थिति कहालीलाग्दो छ। उनीहरूले आफ्नो स्वास्थ्यलाई कहिल्यै प्राथमिकतामा राख्न भ्याएका छैनन्। पूर्व-पश्चिम वा हिमाल-तराई सबैतिरका महिलाका स्वास्थ्य-समस्या उत्तिकै र उस्तै छन्।*

गर्न उनीहरूको शिक्षा र आर्थिक वृद्धिलाई प्राथमिकतामा राख्नुपर्छ। यस वर्षको स्वास्थ्य बजेटले परिवार नियोजन, सुरक्षित मातृत्व कार्यक्रम तथा सुत्केरी महिलालाई दिने भत्ता कार्यक्रमलाई निरन्तरता त दिएको छ तर कार्यक्रमको खाका प्रष्ट छैन।

बजेटको कार्यान्वयनले जनसङ्ख्या नियन्त्रणमा मद्दत पुग्ने, बाल तथा मातृमृत्युदर घट्ने, अस्पतालको भौतिक अवस्थामा सुधार आउने तथा समग्रमा औसत आयु बढाउन मद्दत पुग्ने विश्वास स्वास्थ्य मन्त्रालयले लिएको छ। तर, ग्रामीण महिलालाई स्वास्थ्य सुविधाको पहुँचमा पुऱ्याउने पहिलो चुनौतीलाई भने मन्त्रालयले बिर्सिएको छ। सरकारले बजेटमा बालमृत्युदर कम गर्न १६ जिल्ला थप गरी ६४ जिल्लामा एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने महिला स्वयंसेविकालाई प्रोत्साहन गर्न प्रत्येक गाविसमा अक्षय कोष स्थापना गर्ने कुरा अगाडि ल्याएको छ। तर, स्थानीय निकाय जनप्रतिनिधिविहीन भएका बेला घोषणा गरिएको यो कार्यक्रमप्रति विश्वस्त हुने आधार भने छैन। ग्रामीण महिला पाठेघर खस्ने, असुरक्षित गर्भपतन र प्रसूतिका कारण सबैभन्दा बढी पीडित छन्। त्यसको

*सरोकारवालाहरूको भाषामा स्वास्थ्यमा छुट्याइएको बजेट हेर्दा सरकार महिला स्वास्थ्यप्रति अझै गम्भीर हुन सकेको छैन भन्ने देखिन्छ । गरिबी र भोकमरीले स्वास्थ्य समस्या बढाउने भएकाले त्यस्तो समुदायका महिलामा यसले प्रभाव बढी पर्छ । डा. शरद वन्त भन्छन्, 'विद्यमान स्वास्थ्य प्रणालीले ग्रामीण महिलाको समस्यालाई सम्बोधन गर्न सकेको छैन ।'*

निराकरणमा सरकारले प्राथमिकता दिएको देखिएन । कम उमेरमा गर्भवती हुने र बढी सन्तान जन्माएर स्वास्थ्य समस्यामा परेका महिलाको सङ्ख्या कम छैन । हेर्दा र सुन्दा सामान्यजस्तो लागे पनि महिला स्वास्थ्यका हिसाबले यी कुरा अत्यन्त महत्वपूर्ण हुन् ।

स्वास्थ्य मन्त्रालयका सहसचिव डा. निराकारमान श्रेष्ठ प्रस्तावित बजेटले आधारभूत स्वास्थ्य सेवा सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउन मद्दत पुग्ने विश्वास व्यक्त गर्छन् । भन्छन्, 'स्वास्थ्यको सुधार आजको भोलि हुँदैन । पछिल्ला वर्षमा जनस्वास्थ्य सरकारी प्राथमिकतामा छ र लगानीअनुसारको उपलब्धि निराशाजनक पनि छैन । तर, अझ राम्रो गर्न महिला स्वास्थ्यको सुधारका लागि स्वास्थ्यमा बजेट बढाउनुपर्छ ।'

परिवार नियोजन सङ्घका कार्यक्रम निर्देशक डा. गिरिधारी शर्मा पौडेलचाहिँ बजेटको विनियोजनमा वृद्धि हुनु सकारात्मक पक्ष भएको उल्लेख गर्दै मन्त्रालयले बजेट कार्यान्वयनमा अपनाउने उपायले प्रस्तावित कार्यक्रम कति प्रभावकारी हुन्छ देखाउने बताउँछन् । उनका शब्दमा विनियोजित बजेट कार्यान्वयन पनि महत्वपूर्ण पाटो हो । 'जिल्लास्तरका र त्यसभन्दा पनि तलका स्वास्थ्यचौकीमा समयमै बजेटको निकासा हुन्छ कि हुँदैन, स्थानीय निकायलाई त्यो बजेट खर्च गर्ने अधिकार दिइन्छ कि दिइन्न, कार्यक्रमको प्रभावकारिता त्यसबाट पनि मूल्याङ्कन हुन्छ,' डा. पौडेलको भनाइ छ । पौडेलले भनेजस्तै देशका स्वास्थ्यचौकीमा समयमा बजेट नपुगेर वा औषधि नपुगेर समस्या परेका उदाहरण प्रसस्त छन् । स्वास्थ्यकर्मी नभएर असुरक्षित प्रसूतिको समस्या भोग्नेहरू पनि उत्तिकै छन् । सरकारको बजेटभाषणले मात्र स्थिति सुधार हुने आंकलन गर्न पक्कै सकिन्न ।

३५ वर्ष स्वास्थ्य मन्त्रालयमा बिताएकी डा. छत्र अमात्यका अनुसार गत वर्षको तुलनामा यस वर्षको विनियोजित बजेट केही हदसम्म सुध्रिएको छ । यसले मातृ तथा बालमृत्युदर घटाउने प्रतिबद्धता पनि देखाएको छ । तथापि सुत्केरीलाई दिइँदै आएको भत्तामा निरन्तरता दिइने छ भने पनि त्यो अलि बढी हचुवा छ । 'विगत वर्षमा सुत्केरी भत्तामा कतिको पहुँच पुग्यो त्यस विषयमा सरकारी निकाय मौन देखिन्छ,' डा. अमात्यको भनाइ छ, 'यदि लक्षित वर्गले पाउनुपर्ने सुविधा पाएका छैनन् भने किन पाएनन्, प्रशासनिक झन्झट वा भौगोलिक विकटता के हो, कारण पहिल्याउनुपर्छ । जसले गर्दा कार्यक्रम कार्यान्वयनमा सजिलो हुन्छ ।'

यद्यपि हालै सार्वजनिक जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २००६ ले पछिल्ला पाँच वर्षमा नेपालको कुल प्रजननदर घटेको देखाएको छ । यो दर ४.१ बाट घटेर ३.१ भएको छ । अर्थात् विवाहित नेपाली महिला आफ्नो जीवनकालमा औसत ३ सन्तान जन्माइरहेका छन् । त्यस्तै सर्वेक्षणले शिशु तथा ५ वर्षमुनिको बालमृत्युदर सन् २००१ को तुलनामा २५ प्रतिशत घटेको देखाएको छ । महिलाको स्वास्थ्यमा पनि विगत ५ वर्षमा सुधार आएको देखिन्छ । हालको सर्वेक्षणमा ४४ प्रतिशत गर्भवती महिला दक्ष स्वास्थ्यकर्मीबाट सुरक्षित सुत्केरी सुविधा लिइरहेका छन् । सन् २००१ को तथ्याङ्कमा एक तिहाई महिलाले मात्र यो सेवा लिने गरेको देखिएको थियो । त्यस्तै, सन् २००६ मा मातृमृत्युदर प्रति १ लाख जीवित जन्ममा २८१ रहेको छ । यो दर सन् १९९६ मा ५३९ थियो । सरकारले सन् २०१५ सम्ममा यो दर घटाएर १३४ मा झार्ने प्रतिबद्धता जनाएको छ । सर्वेक्षणको सकारात्मक प्रतिवेदनमा मात्र मख्ख परेर महिला स्वास्थ्यमा बजेट नबढाउने हो भने हामी पुरानै अवस्थामा फर्किन बेर नलाग्ने कुरा पनि उत्तिकै मननयोग्य छ ।

सरकारले सन् २०१५ सम्ममा देशका सबैलाई सर्वसुलभ तरिकाले स्वास्थ्य सुविधा दिने र सबैलाई स्वास्थ्य सुविधाको आधारभूत पहुँचमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गरेको छ । दसौं पञ्चवर्षीय योजना र सहस्राब्दी विकास लक्ष्यमा पनि यो कुरा उल्लेख छ । तर, सरकारले स्वास्थ्यमा विनियोजन गरेको बजेट हेर्दा सन् २०१५ सम्ममा लक्ष्य पूरा हुनेमा आशावादी हुने ठाउँ देखिँदैन । ग्रामीण महिला स्वास्थ्य सुविधाको पहुँचमा नपुगेसम्म स्वास्थ्यको सहस्राब्दी लक्ष्य पूरा हुन नसक्ने पक्का छ । विभिन्न अध्ययन प्रतिवेदनले पनि महिला स्वास्थ्य सुधारको कुरालाई औंल्याएका छन् । विज्ञहरूका शब्दमा देशको भौगोलिक, सामाजिक र क्षेत्रगत अवस्थाका कारण महिलाका समस्या पनि फरक-फरक छन् । ती फरक समस्यालाई सम्बोधन हुने

गरी महिला स्वास्थ्यमा बजेट विनियोजन नगरेसम्म उपलब्धि हासिल हुन सक्दैन । समग्र स्वास्थ्यको बजेट बढे पनि महिला स्वास्थ्यका पुरानै कार्यक्रमलाई मात्र निरन्तरता दिइने र सुधारको अपेक्षा गर्नु बिनालगानी प्रतिफलको आशा गर्नुजस्तै हो ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# दलितभित्रै भेदभाव

*मुलुक छुवाछूतमुक्त घोषणा भइसक्यो । सुन्दा पनि अनौठो लाग्छ- दलितभित्र पनि अझै भेदभाव छ भन्दा । हो, यस्तै विभेद भोगेका छन् बुटवल सालझण्डीका महिलाले । दलितमा पनि महिला र उपेक्षित समुदायले वर्षौंदेखि भेदभाव र थिचोमिचो सहनुपरेको छ ।*

✍ **शारदा गैरे**

*बुटवल/* बुटवल सालझन्डीकी राधा परियारलाई आफ्नो नाम आफैं लेख्ने र चिठी पढ्ने ठूलो धोको थियो । केही समय लगत्तै गाउँमा स्थानीय सामुदायिक वनले प्रौढ शिक्षा सञ्चालन गऱ्यो । धोको पूरा गर्न उनी प्रौढ शिक्षा पढ्न थालिन् । गाउँघरमा हुने औपचारिक कार्यक्रम र आमा समूहको बैठकमा पनि जान थालिन् । तर, त्यतिबेलाको खुसी अहिले खपिनसक्नु दुःख बनेको छ ।

पढाइ र औपचारिक कार्यक्रममा राधाको सक्रियतालाई गैरदलितका महिलाले भने मन पराएका थिएनन् । राधा बाहुनक्षेत्रीलगायतका समाजका उच्च जातका महिलासँगै बसेर पढ्ने र खाजासमेत खाने गर्थिन् । सबै समान भन्ने मनसायले उनी अरूसँगै रहँदा-बस्दा पानी छोइन्थ्यो, गैरदलितलाई पनि छोइन्थ्यो ।

तर, गैरदलितले यसरी आफूसँग नबस्न चेतावनी दिन थालेपछि उनका दुःखका दिन सुरु भए । चेतावनी उनको श्रीमान् अमर परियारसम्म पुग्यो । श्रीमान्ले राधालाई घरबाहिर गएर गैरदलितलाई नछुन र कतै नजान आदेश पनि दिए । श्रीमान्को कुरा नमान्दा राधाले पिटाइ पनि खानुपऱ्यो । यही निहुँबाट उब्जिएको घरझगडाले उनका श्रीमान् घरै छाडेर हिँडे । 'गरिब र दलित भएकाले मलाई सबैले हेपे,' राधा भन्छिन् ।

छुवाछूतमुक्त समाजको घोषणा गरिए पनि गरिब र विपन्न दलितमा छुवाछूतको पीडा अहिले पनि उस्तै छ । राधाले पाएको दुःख र पीडा त एउटा दलित समुदायका व्यक्तिले भोग्नुपरेको उदाहरण मात्र हो । त्यस्ता कैयौं दुःख र पीडाका घटना अझै सार्वजनिक भएका छैनन् । सालझन्डी उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष वीरबहादुर विक भन्छन्, 'एउटै जात भए पनि मान्छे हेरेर व्यवहार हुन्छ । म जाँदा मलाई कसैले केही भन्दैनन्, सम्मान गर्छन् । तर, तिनै व्यक्तिले

*२०६३ मा नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा नै गरियो । जनआन्दोलन- २ को म्यान्डेटले बनेको अन्तरिम संविधान, २०६३ मा कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गर्न नपाइने प्रावधान छ । भेदभावपूर्ण व्यवहार दण्डनीय हुने र पीडित व्यक्तिले क्षतिपूर्ति पाउने व्यवस्था छ । तर, त्यस्ता पीडित*

मेरा बुहारीलाई टाढै बस्न लगाउँछन् ।' उनी समाजका जानेबुझेका दलितमा पर्छन् । छिमेकीको विवाहको भोजमा गएको कुरा सम्झँदै उनले थपे, 'कमजोर आर्थिक स्थिति भएका र महिलाले भेदभाव तथा छुवाछूतको पीडा अझै बढी खेप्नुपरेको रहेछ । त्यतिबेलै थाहा पाएँ-जतिबेला मलाई र मेरी बुहारीलाई छुट्टाछुट्टै खान दिए ।'

देवदह विशालनगरकी शान्ति दलितको कोटामा जागिर खाँदैछिन् । हुन पनि सम्पन्न परिवारकी शान्तिलाई भने आफू दलित हुँ भन्ने कुनै अनुभूति छैन । बुबा नेपाली सेनाका निवृत्त हुन् । दाजु डिग्री पढ्छन् र जागिर पनि गर्छन् । दिदी स्कुलमा पढाउँछिन् । बस्तीमा दलितको घर उनको मात्र छ । तर, आफूहरूलाई दलित भनेर कसैले पनि फरक व्यवहार नगरेको उनी

*सम्पन्न परिवारकी शान्तिलाई भने आफू दलित हुँ भन्ने कुनै अनुभूति छैन । बुबा नेपाली सेनाका निवृत्त हुन् । दाजु डिग्री पढ्छन् र जागिर पनि गर्छन् । दिदी स्कुलमा पढाउँछिन् । बस्तीमा दलितको घर उनको मात्र छ । तर, आफूहरूलाई दलित भनेर कसैले पनि फरक व्यवहार नगरेको उनी बताउँछिन् ।*

बताउँछिन् । 'हामी मिलिजुली बसेका छौं । दूध हाम्रै घरबाट लग्छन् । उपल्लो जातिबाट हामीलाई अहिलेसम्म भेदभाव भएको छैन,' शान्तिले सुनाइन् ।

चार वर्षअघिदेखि रेडियो लुम्बिनीमा दलितसम्बन्धी कार्यक्रम चलाउँदै आएकी पार्वती विकको अनुभव पनि त्यस्तै छ। उनी अहिले गर्वका साथ भन्छिन्, 'रेडियोमा नबोल्दासम्म दलित भनेर हेप्नेहरू नै अहिले सम्मान गर्छन् । समस्या परे पनि सोध्छन् । चेतना जगाउने काम गर्नुभएको छ भन्छन् ।'

रूपन्देही जिल्लामा दलितको क्षेत्रमा करिब एक दर्जन गैरसरकारी संस्थाले काम गरिरहेका छन् । सबैले जातीय भेदभाव हटाउने काम गरिरहे पनि गरिब दलित समुदायमा सोचेजस्तो परिवर्तन आएको छैन । 'अहिले पढेका दलितले आफ्नो अधिकारको बारेमा कुरा गर्न थालेका छन् । गरिब दलित अवसरबाट अझै वञ्चित छन्,' दलित महिला सङ्घ रूपन्देहीकी सदस्य मनु खड्काले भनिन् । अवस्था कस्तो छ भने सरकारी, गैरसरकारी सङ्घसंस्थामा आबद्ध, शिक्षित, आर्थिक स्थिति बलियो भएको व्यक्तिलाई भेदभाव गरिन्न । तर, जो निम्नस्तरका छन् उनीहरूले भने अझै भेदभाव सहनु परिरहेको छ ।

२०६३ मा नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा नै गरियो । जनआन्दोलन– २ को म्यान्डेटले बनेको अन्तरिम संविधान, २०६३ मा कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गर्न नपाइने प्रावधान छ। भेदभावपूर्ण व्यवहार दण्डनीय हुने र पीडित व्यक्तिले क्षतिपूर्ति पाउने व्यवस्था छ। तर, त्यस्ता पीडित व्यक्तिले सम्बन्धित निकायमा उजुरी नगर्दा न्याय पाउन सकेका छैनन् । अधिवक्ता विनोद गौतमका अनुसार कानुनमा दण्ड-सजायको व्यवस्था भए पनि समुदायमा जनचेतना नभएकै कारणले पीडित पक्षबाट मुद्दा, उजुरी पर्ने गरेका छैनन् ।

सामाजिक विभेदविरुद्ध ऐक्यबद्धता मञ्चमा सक्रिय अधिवक्ता दीनानाथ भुसालका अनुसार उनको संस्थामा करिब २ वर्षमा पाँचवटा मात्र उजुरी परेका थिए, त्यो पनि मौखिक ।

नेपाली शब्दकोशले दलितको शाब्दिक अर्थ दलदलमा फसाएको, पीडित वा दबिएको भनी किटान गरेको छ। वास्तवमै मानव-मानवबीच उचनिचको अमानवीय प्रथा विषेशगरी आर्थिक स्थिति कमजोर भएका र अशिक्षितले बढी भोग्नुपरेको छ। भेदभावमुक्त समाज निर्माण गर्ने हो भने दलित शिक्षालाई प्राथमिकतामा राखेर गरिबीको रेखामुनि रहेका दलितलाई आर्थिक उन्नतिको बाटोतिर लगाउनु जरुरी छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बाध्यताले बनायो आत्मनिर्भर

*लोग्नेको मृत्युपछि एक्लिएका महिलालाई पारिवारिक भार थाम्न जस्तोसुकै काम पनि गर्नुपर्ने बाध्यता आइलाग्दोरहेछ । दुई छाक टार्न र बालबच्चा पाल्नुपर्ने बाध्यताले जसोतसो कामको बिँडो थामेका सुनसरीका महिला अहिले आफैं आत्मनिर्भर बन्न थालेका छन् ।*

✍ **सुमित्रा राई 'अञ्जान'**

**सुनसरी**/ उनी महिला हुन् । तर एकाबिहानै खुकुरी समातेर मासु र अचानोमा बजार्ने काममा व्यस्त हुन्छिन् । सामान्यतया पुरुषले मात्र गर्ने मासु काटेर बेच्ने 'गोसे'को काम गरेको देख्दा सबैले अचम्म मानेर हेर्छन् । तर, सिद्धार्थमार्गकी ३९ वर्षीया राजकुमारी राईले यसैबाट आफू र चार बालबच्चाको जीविका चलाएकी छिन् । चार बालबच्चा पाल्न यो काम नगरी नहुने बाध्यता छ उनलाई । 'जे भए पनि काम त गर्नैपर्‍यो नि,' भन्छिन्, 'अहिले परिवारको गुजारा राम्रैसँग चलेको छ ।'

एक वर्ष पुग्न लाग्यो उनले यो काम सम्हालेको । यो काम सम्हाल्ने बाध्यता उनलाई लोग्नेको मृत्युपछि आइलाग्यो । गत साउनमा कमलपित्त (जन्डिस) भएर लोग्नेको निधन भयो । त्यसपछि बालबच्चा पाल्न लोग्नेको बिँडो नथामी भएन । योभन्दा अर्को काम गर्ने उपाय पनि थिएन । किनभने उनी पढालेखा छैनन् । जागिर खानलाई शैक्षिक योग्यता चाहियो, अरू व्यवसाय सुरु गर्न पैसा हुनुपर्‍यो । तर, उनीसँग त्यस्तो उपाय केही थिएन । 'जागिर गर्न पढेकी छैन, अरू व्यवसाय गर्न पैसा छैन,' राजकुमारी बाध्यता सुनाउँछिन्, 'अरू पेसा रोज्ने आँट आएन, लोग्नेले काम गरेको देखेर यही काम सिकेकी थिएँ, अहिले काम लाग्यो ।'

अहिले धरानका टोलटोलमा डुलेर सुँगुर खोज्नु र त्यसैको मासु काटेर बेच्नु उनको दिनचर्या भएको छ । तर, काम भने जति सजिलो छैन, कहिले सुँगुर पाइँदैन कहिले मोल चित्तबुझ्दो हुँदैन । कहिलकाहीँ त निराश भएर पनि फर्कनुपर्छ । अनि बिहान चार बजेदेखि बेलुकी मासु बिक्री भइनसकुन्जेल चोकमा कुरिरहन कम्ती कठिन छैन । सुरुका दिनमा त मासु काट्न, रौं खुर्कन नजानेर पनि धेरै दुःख भयो, अहिले भने उनी काममा पोख्त भइसकेकी छिन् । उनी दुःख सुनाउँछिन्, 'पहिले सबै लोग्नेले गर्नुहुन्थ्यो, अहिले सबै आफैं सम्हाल्नुपर्दा गाह्रो पनि छ ।' तर, छोराछोरी हुर्काउनुपर्ने बाध्यताले दुःखजति सबै बिर्सनुपर्छ । त्यसैले हप्तामा पाँच दिन मासु काट्ने र दुई दिन सुँगुर खोज्न गाउँतिर जाने दैनिकी पनि मिलाएकी छिन् । एक्लो भएकाले घरव्यवहार चलाउन गाह्रो भए पनि लोग्नेले गरेको व्यवसाय आफूले सम्हाल्न पाउँदा भने उनमा आत्मसन्तुष्टि झल्किन्छ । भन्छिन्, 'धेरै पैसा कमाउँला भन्ने रहर छैन, छोराछोरी हुर्काउन र पढाउन पुगोस्, त्यति भए पुग्छ ।'

*घरपरिवारले कलिलै उमेरमा बिहे गरिदिनाले धेरै महिला कामको जिम्मेवारी लिने भइसकेका हुँदैनन् । अचानक लोग्नेको मृत्यु भएपछि भने उनीहरूले सिङ्गो परिवारको भार आफैंमा लिनुपर्ने हुन्छ । त्यस्ता एकल महिलालाई आत्मनिर्भर बनाउन सबैभन्दा पहिले घरबाट बाहिर निस्कने वातावरण बनाउनुपर्छ ।*

लोग्ने र स्वास्नीलाई एउटै रथको दुई पाङ्ग्रा भनिन्छ । एउटा पाङ्ग्रा बिग्रियो वा खुस्क्यो भने रथ गुड्न सक्दैन तर, मानवरूपी रथ भने गुडाउनैपर्ने हुन्छ । लोग्नेको मृत्युपछि विधवा भएका र पारिवारिक भारले थिचिएका महिलाले गुजारा चलाउन कडा सङ्घर्ष गर्नैपर्ने बाध्यता आइलाग्छ । राजकुमारीलाई पनि त्यही बाध्यता आइलागेको छ । गुजारा चलाउन, बालबच्चा पाल्न र समाजमा बाँच्न उनीजस्तै एकल महिलाले थुप्रै सङ्घर्ष गर्नुपरेको छ ।

सात वर्षअघि लोग्नेको मृत्यु भएपछि आफ्नै घरपरिवारबाट अपहेलित धरान- १२ की सरला अधिकारीले च्याउखेती र सिलाइबुनाइले जीविका

चलाएकी छिन् । घरपरिवारले हेला र तिरस्कार गरे पनि आफ्नै पाखुरा चलाएपछि उनलाई अरूका अगाडि भीख मागेर बस्नुपर्ने बाध्यता छैन । च्याउखेती अहिले आम्दानीको राम्रो स्रोत भएको छ । सरला भन्छिन्, 'बच्चालाई स्याहारेजत्ति नै स्याहार्नुपर्छ, आम्दानी पनि राम्रो छ ।' च्याउको बिउ खोजेर राख्नुपर्छ, त्यसपछि पराल काट्न, पखाल्न, उसिन्न, सुकाउन, प्लास्टिकको झोलामा प्याक गर्न पनि उत्तिकै खट्नुपर्छ । बिउ राखिसकेपछि एक महिनासम्म स्याहार पनि उत्तिकै चाहिन्छ । घरपछाडिको भागमा कोठा बनाएर उनले त्यसैलाई च्याउखेती गर्ने ठाउँ बनाएकी छिन् । जति नै दुःख भए पनि यसले गुजारा चल्न थालेपछि भने उनलाई काममा पनि जाँगर चल्न थालेको छ । 'घरखर्च चलाउन एकदम गाह्रो थियो, परिवार कहिल्यै सहयोगी भएन,' भन्छिन्, 'अब आफ्नो खर्च आफैं चलाउन सक्छु, कसैको आस गरेर बस्नुपर्दैन ।' च्याउखेती सुरु गरेपछि उनी विभिन्न महिला समूहमा आबद्ध भएकी छिन् र त्यहाँबाट पाइने अवसरको पनि सदुपयोग गर्दैछिन् । हालसालै उनले सिलाइबुनाइ पनि सुरु गरेकी छिन्, यसबाट पनि थप आम्दानी हुन थालेको छ ।

कमला राईका लोग्ने भारतीय सेनामा कार्यरत थिए । तर, चार वर्षअघि अचानक लोग्नेको मृत्यु भएपछि उनी घरपरिवारबाट छुट्टिएर एक्लै बस्न बाध्य भइन् । एक्लै बसेपछि उनलाई गुजारा गर्नै गाह्रो भयो । अहिले उनी अरूलाई सिलाइबुनाइ तालिम दिएर गुजारा गर्दैछिन् । पढ्नेबेलामा सिकेको सिलाइबुनाइ तालिम अहिले उनको गुजाराको स्रोत बनेको छ । 'पढ्ने बेला सिकेको सीपले अहिले बाँच्ने आधार दिएको छ, बेलैमा सिकिएछ,' उनी सन्तोष व्यक्त गर्छिन् । धरानको एकल महिला समूहमा आबद्ध भएपछि उनले त्यहींबाट गुजाराको स्रोत भेटेकी हुन् । उनी आफूजस्तै एकल महिलालाई तालिम दिन्छिन् र त्यसैबाट केही आम्दानी जुटाउँछिन् ।

लोग्नेको मृत्युपछि एक्लिएका महिलाले जीवन धान्न ठूलै सङ्घर्ष गर्नुपरेको छ । नगरे पनि गुजारा गर्न गाह्रो हुने, जसोतसो व्यवसाय धान्न सुरु गरेका धरानका एकल महिला अहिले आत्मनिर्भर बन्न थालेका छन् । त्यही पङ्क्तिमा पर्छिन् सविता राई । धरानमा महिला वेट्रेस र क्याबिन नराखी होटलै चल्दैन भन्ने मानसिकतालाई हटाउन उनले होटल व्यवसाय सुरु गरेकी छिन् । २६ वर्षीया राई एकल महिला समूह पूर्वाञ्चल सञ्जालकी अध्यक्षसमेत हुन् । नयाँ व्यवसायबाट नयाँ अनुभव बटुलेकी सविताले व्यवसाय सुरु गरेपछि आफ्नै बालबच्चालाई समय दिनसमेत भ्याएकी छैनन् । भन्छिन्, 'बिहान होटलमा आएपछि बेलुकी मात्रै घर जाने हो, छोराछोरीले अनुहारै बिर्सेलान् जस्तो भइसक्यो ।' बालबच्चालाई समय दिन नसक्दा गलत बाटोमा लाग्लान् भन्ने चिन्ता, होटलबाहिर र

**अहिले धरानका टोलटोलमा डुलेर सुँगुर खोज्नु र त्यसैको मासु काटेर बेच्नु उनको दिनचर्या भएको छ । तर, काम भने जति सजिलो छैन, कहिले सुँगुर पाइँदैन कहिले मोल चित्तबुझ्दो हुँदैन । कहिलकाहीँ त निराश भएर पनि फर्कनुपर्छ । अनि बिहान चार बजेदेखि बेलुकी मासु बिक्री भइनसकुन्जेल चोकमा कुरिरहन कम्ती कठिन छैन । सुरुका दिनमा त मासु काट्न, रौं खुर्कन नजानेर पनि धेरै दुःख भयो, अहिले भने उनी काममा पोख्त भइसकेकी छिन् ।**

भित्रको कामको चटारो पनि थपिएको छ, उनमा । तर, व्यवसाय दिनदिनै फस्टाउँदै गएकोमा उनलाई आत्मसन्तोष गर्ने ठाउँ भएको छ । एकल महिलाले पनि मौका पाए व्यवसायमा राम्रो प्रगति गर्न सक्छन् भन्ने उदाहरण बनेको छ, धरानको उनको होटल व्यवसाय । 'दुई छाक जुटाउन अरूको अगाडि हात पसार्नु नपरोस् भनेर व्यवसाय सुरु गरें,' भन्छिन्, 'अहिले व्यवसाय राम्रोसँग चलेको छ ।'

लोग्नेको मृत्युपछि परिवारको सबै भार आफ्नै काँधमा आइलागेपछि महिलाले विभिन्न जोखिमपूर्ण काम पनि गर्नुपरेको छ । दुई छाक खाना र एकसरो कपडाको अभाव टार्न कठिन शारीरिक श्रम गर्नुपर्ने मिस्त्री काम सम्हाल्ने भजिनी खातुन त्यसकै उदाहरण हुन् । झापाबाट कामको खोजीमा धरान आएर बल्ल-बल्ल ज्यामीको काम पाएकी खातुन अहिले धरानकै नाम चलेका मिस्त्रीमा गनिन्छिन् । मिस्त्री बनेपछि उनको आम्दानीमात्रै बढेको छैन, महिला मिस्त्री भएकोमा सिङ्गो महिला समुदायले गर्व गर्ने ठाउँ पनि मिलेको छ ।

घरपरिवारले कलिलै उमेरमा बिहे गरिदिनाले धेरै महिला कामको जिम्मेवारी लिने भइसकेका हुँदैनन् । अचानक लोग्नेको मृत्यु भएपछि भने उनीहरूले सिङ्गो परिवारको भार आफैंमा लिनुपर्ने हुन्छ । त्यस्ता एकल महिलालाई आत्मनिर्भर बनाउन सबैभन्दा पहिले घरबाट

बाहिर निस्कने वातावरण बनाउनुपर्ने बताउँछिन् एकल महिला समूहकी केन्द्रीय अध्यक्ष लिली थापा। समाजशास्त्रकी प्राध्यापकसमेत रहेकी थापाको भनाइमा गाउँ र सहरका एकल महिलाका साझा समस्या धेरै भए पनि सहरका महिलाले मात्रै धेरै अवसर पाउँछन्। भन्छिन्, 'गाउँमा पनि विभिन्न सङ्घसंस्थामा आबद्ध गराएर, चेतनामूलक कार्यक्रम गरेर उनीहरूलाई आत्मनिर्भर बनाउनुपर्छ।'

पाँच वर्षदेखि एकल महिलाको पक्षमा वकालत गर्दै आएकी अधिवक्ता कविता पाँडे बस्नेत एकल महिलाले अंशधन, राहदानी निकाल्दा अभिभावकले सिफारिस नगरिदिनेजस्ता समस्या रहेको र महिलाले कुनै ठाउँमा समानता नपाएको बताउँदै भन्छिन्, 'पहिले उनीहरूलाई आर्थिक रूपमा बलियो बनाउनुपर्छ, अनि अधिकारका लागि लड्न सजिलो हुन्छ।'

देशभर करिब २८ हजार एकल महिला समूहमा आबद्ध भइसकेको बताइन्छ। सुनसरीमा मात्र ३ सय एकल महिला समूहमा आबद्ध छन्। सुनसरीका एकल महिलाले जीविकोपार्जनका लागि सुरु गरेको प्रयासले उनीहरूलाई आत्मनिर्भरताको बाटोमा डोऱ्याएको छ, अन्यत्रका एकल महिलाले पनि यही सिको गर्ने कि ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बदलिँदो जलारीको जीवन

*गरिबी र जनचेतनाको कमीका कारण पोखराका अधिकांश जलारी अशिक्षित छन्। समय दिएर पढ्न त अझै पाएका छैनन्। साँझ परेपछि तालमा जाल फिँजायो, रातभर कुर्यो अनि बिहान भएपछि जालमा परेका माछा टोकरीमा राखी बजारमा बेच्न हिँड्यो। तर, अहिले शिक्षाको महत्व बुझ्दै गएपछि पोखराका जलारीले आफ्ना छोराछोरीलाई धमाधम विद्यालय भर्ना गर्न थालेका छन्।*

✍ **स्मिता अधिकारी**

**पोखरा**/ कुनै बेला छोराछोरी विद्यालय पठाऊ भन्दा पनि अटेर गर्ने फेवाताल किनारका जलारी अहिले बालबालिकालाई अनिवार्य विद्यालय पठाउन थालेका छन्। 'आफ्नो जीवन त 'काला अक्षर भैंसीबराबर' भो। नातिनातिना पनि यस्तै भए भने कसरी खालान् ?' पचास वर्षीय चाउरे जलारी चिन्ता व्यक्त गर्छन्, 'जीवनमा पढाइजति ठूलो केही रहेनछ।'

जलारी समुदायमा अघिका पुस्ताले पढ्न नपाए पनि भावी सन्ततीप्रति उनीहरू चिन्तित छन्। आफ्नोजस्तै दुःखी जीवन भोग्न नपरोस् भन्दै अहिले उनी साना नानीलाई विद्यालय जान हौस्याउँछन्। 'अब छोराछोरीले हामीले जस्तो फेवातालमा माछा मारेर गुजारा चलाउन सक्दैनन्,' चाउरे भन्छन्, 'जलारीले माछा मार्नमा मात्रै हाम फाल्ने होइन, अरू ठाउँमा पनि फड्को मार्नुपर्छ। अन्य ठाउँमा काम पाउन नपढी हुँदैन।' उनले अहिले सबै केटाकेटीलाई विद्यालय भर्ना गर्न लगाएका छन्। चाउरेकी छोरी मीना र भाइ ज्ञानबहादुरकी छोरी शोभा त समाजको अगुवा विद्यार्थी नै हुन्। अहिले उनीहरू क्याम्पससम्म पढ्ने भएका छन्। पोखराको जलारी समुदायमा छोरी मान्छेले यति धेरै पढेको यो नै पहिलो हो।

> *पाँच वर्षअघि २५ प्रतिशतको हाराहारीमा रहेका जलारी विद्यार्थीको सङ्ख्या अहिले ८० प्रतिशत पुगेको छ। तर, धेरैजसो जलारी ५ कक्षापछि पढाइ छोड्ने गर्छन्। ती कक्षामा सबैभन्दा उत्कृष्ट पनि उनीहरू नै हुन्छन् तर पछि पढाइलाई निरन्तरता दिँदैनन्।*

मुलुकमा जातीय हकअधिकारको उभार उठिरहेको बेला त्यसको तरङ्गले जलारी समुदायलाई पनि छोएको छ। 'हाम्रो समुदाय शिक्षाको ज्योतिबाट अझै अन्धकारमा छ,' जलारी भन्छन्, 'हामी आफ्ना

सन्ततीलाई नयाँ जीवन देखाउन विद्यालय भर्ना अभियानमा जुटेका छौं ।'

ठूलो ओहोदा र नीतिनिर्माणको तहमा आफ्नो प्रतिनिधि नपुग्दासम्म जलारी समुदायको परिवर्तन नहुने उनको अनुभव छ । आफ्नै भाइ ज्ञानबहादुरको उदाहरण उनी सुनाउँछन् । डेढ दशकअघि प्रवेशिका पास गरेका भाइलाई जागिर खुवाउन उनले ठूलै कसरत गरे । तर, सम्भव भएन । जागिर खुवाउन हिँड्दा ठाउँ-ठाउँमा लागेको ठेस अहिले उनका लागि 'इख' बनेको छ ।

ज्ञानबहादुर आफ्नो समुदायकै पहिलो एसएलसी गर्ने विद्यार्थी हुन् । जागिरका लागि धाउँदा धेरै ठाउँमा हन्डर खाएपछि उनी माछा मार्ने व्यवसायमै फर्के । बाहिर जागिर खोज्दा भएको एउटा घटना उनी कहिल्यै भुल्दैनन् । 'पोखराकै एक विद्यालयमा शिक्षकका लागि आवेदन दिएको थिएँ, तर मेरो सट्टामा भनसुनबाट सम्भ्रान्त परिवारका सहपाठीले जागिर पाए, मैले पाइनँ, त्यसपछि पुनः माछा मार्ने पेसामा फर्किएँ,' उनले सुनाए, 'आफूले पाएको यस्तो पीडा आउने सन्तानले भोग्नु नपरोस् भन्दै उच्च शिक्षासम्म पढाउने अभियान थालेका छौं ।'

*ज्ञानबहादुर आफ्नो समुदायकै पहिलो एसएलसी गर्ने विद्यार्थी हुन् । जागिरका लागि धाउँदा धेरै ठाउँमा हन्डर खाएपछि उनी माछा मार्ने व्यवसायमै फर्के । बाहिर जागिर खोज्दा भएको एउटा घटना उनी कहिल्यै भुल्दैनन् । 'पोखराकै एक विद्यालयमा शिक्षकका लागि आवेदन दिएको थिएँ, तर मेरो सट्टामा भनसुनबाट सम्भ्रान्त परिवारका सहपाठीले जागिर पाए, मैले पाइनँ, त्यसपछि पुनः माछा मार्ने पेसामा फर्किएँ ।'*

उनको अठोटलाई छोरी शोभाले पूरा गर्ने सपना लिएकी छिन् । मीना र शोभा जलारी समुदायकै प्रेरणा बनेर उदाएका छन् । उनीहरूमा पनि पछाडि परेको जलारी समुदायमा केही परिवर्तन गरेर देखाउने अठोट छ । कक्षा ११ मा पढ्दै गरेकी शोभा भन्छिन्, 'पढेर नर्स हुने विचार गरेकी छु, गरिबीको कारण सकिन्न कि जस्तो लाग्छ । तर जागिर खाएर पैसा जम्मा गरेर भए पनि नर्स बन्ने धोको छ ।' उता मीनाले पनि शिक्षिका बनेर गाउँका अन्य जलारी भाइबहिनीलाई शिक्षित बनाउने लक्ष्य राखेकी छिन् ।

माछा मार्ने एकजनाको कामले मात्रै परिवारको छाक टर्दैन । त्यसमा पनि आधुनिक प्रविधिको हस्तक्षेप र व्यवसायमा आएको विस्तारले पुर्ख्यौली व्यवसाय सङ्कटमा पर्दो छ । 'मैले त माछा मार्दामार्दै पढ्नेतिर समय दिनै पाइनँ, त्यसैले प्रवेशिकासम्म अध्ययन गरी बिट मार्नुपर्‍यो,' पामेका २५ वर्षीय बुद्धिबहादुर जलारी भन्छन्, 'परिवार ठूलो भयो, अब भाइबहिनीलाई चाहेजति पढाउने विचार गरेको छु ।'

पोखराको नयाँबजारबाट विस्थापित भई ३० वर्षदेखि फेवाताल आसपासमा बस्दै आएका ९० जलारी घरपरिवारमा शैक्षिक चेतना विस्तार हुँदैछ । फेवा मत्स्य व्यवसायी समितिका अध्यक्षसमेत रहेका ज्ञानबहादुरका अनुसार अहिलेसम्म यो समुदायबाट पाँचजनाले मात्रै प्रवेशिका गरेका छन् । तीमध्ये मीना र शोभा मात्रै उच्चशिक्षा अध्ययन गर्दैछन् । '८० प्रतिशत घरमा विद्यालय नगएका बालबालिका नै छैनन्, तिनमा पनि कति त बोर्डिङ पढ्न थालिसकेका छन्,' जलारीमा आएको चेतनाप्रति गर्व गर्दै ज्ञानबहादुर भन्छन्, 'गरिबी र चेतनाको कारण जलारीले पढेका थिएनन्, अब जति दुःख पाए पनि छोराछोरी पढाउनुपर्छ भन्ने सोचको विकास भएको छ ।'

जिल्ला मत्स्य अनुसन्धान केन्द्रका प्राविधिक रामप्रसाद ढकाल शैक्षिक रूपमा योग्य र सक्षम जलारीको मत्स्य अनुसन्धान केन्द्रका विभिन्न तहमा खाँचो हुन्छ तर पर्याप्त योग्यताको कमीका कारण बाहिरका मान्छे ल्याएर पदपूर्ति गरिनुपर्ने बाध्यता रहेको बताउँछन् । हाल एकजना जलारी मात्र केन्द्रमा कार्यरत छन् । जलारी समुदायलाई शिक्षाको पहुँचमा ल्याउन जुटेका स्थानीय भकुण्डेस्थित शान्त माविका प्रधानाध्यापक कुलप्रसाद पौडेलका अनुसार विद्यालयले अहिले घरमै गएर भर्ना अभियान सुरु गरेको छ । पाँच वर्षअघि २५ प्रतिशतको हाराहारीमा रहेका जलारी विद्यार्थीको सङ्ख्या अहिले ८० प्रतिशत पुगेको छ । तर, धेरैजसो जलारी ५ कक्षापछि पढाइ छोड्ने गर्छन् । 'ती कक्षामा सबैभन्दा उत्कृष्ट पनि उनीहरू नै हुन्छन् तर पछि पढाइलाई निरन्तरता दिँदैनन्,' प्रधानाध्यापक पौडेलले भने ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सञ्चारिका समूह